# श्री आदर्श माध्यमिक विद्यालय

## SHREE ADARSHA SECONDARY SCHOOL

कागेश्वरी मनोहरा नगरपालिका - ३ भद्रवास ,काठमाडौं,नेपाल

Kageshwari Manohara Municipality-3 Bhadrabas, Kathmandu, Bagmati Province, Nepal

प.सं: २०८३/०८४

च.नं: ६२

फोन नं :०१-४४५०२०१

Tel.:01-4450201

श्री सूचना प्रविधि शाखा website मा upload हुन

मिति : २०८३/०५/११

विषय : शिक्षक आवश्यकता सम्बन्धि सुचना ।

प्रस्तुत विषयमा कागेश्वरी मनोहरा नगरपालिकाको च.नं. ६१ मिति २०८३/०५/११ गतेको अनुमति र यस विद्यालयको मिति २०८३/०५/११ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयमा रिक्त रहेको तपशिल बमोजिमको शिक्षक करारमा नियुक्त गरी पदपूर्ति गर्न विज्ञापन प्रकाशित गर्ने निर्णय भएकोले शिक्षा नियमावली २०५९ (संशोधन समेत) को ब्यबस्था बमोजिम योग्यता भएका नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका कागजात संलग्न गरी दरखास्त दिनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**बिज्ञापन नं:**-०१/२०८३/०८४ **पद :**-प्राथमिक शिक्षक ( संघीय करार ) **तह :**- आधारभूत तह (प्राथमिक तह) **श्रेणी :**- तृतीय

**न्युनतम योग्यता :**- प्रबिणता प्रमाण पत्र तह वा कक्षा -१२ वा सो सरह उतिर्ण भइ शिक्षक सेवा आयोग नियमावलीले सम्बन्धित तहको लागि तोके बमोजिमको योग्यता, उमेर र अध्यापन अनुमति पत्र भएको

**दरखास्त दस्तुर :**- रु १००० **दरखास्त पेश गर्ने अन्तिम मिति :**- २०८३/०५/२५ गते विद्यालय समय अवधि भित्र मात्र

**दरखास्त पेश गर्ने स्थान :**- श्री आदर्श माध्यमिक बिद्यालय,भद्रवास,काठमाडौं

**आवश्यक कागजातहरू**

क) निवेदन

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू

घ) शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

ङ) दरखास्त वापतको रकम विद्यालयमा बुझाएको रसिद

**परीक्षाको किसिम :**- लिखित तथा अन्तर्वार्ता **परीक्षाको पाठ्यक्रम :**-शिक्षक सेवा आयोगले सम्बन्धित तहका लागि तोके बमोजिम

**परिक्षा सम्पर्क मिति :**-२०८३/०५/२६ गते

उक्त मिति भित्र प्राप्त निवेदनहरू आवस्यक छानबिन गरी शिक्षा नियमावली २०५९(संसोधन सहित) तथा प्रचलित कानुन बमोजिम दर्ता गरिने र कानुन बमोजिम कागजात नभएको र रितपुगी नआएको निबेदन उपर कुनै कारबाही गरिने छैन ।

**बोधार्थ**

श्री शिक्षा ,युवा तथा खेलकुद शाखा,कागेश्वरी मनोहरा नगरपालिका,डाँछी ,काठमाडौं –जानकारी तथा वेबसाइटमा सुचना प्रकाशनका लागि ।

**सम्पर्क नम्बर :**- ०१-४४५०२०१ ,९८४१७३११२१ ,९८४१५२७७२२

2083/05/11

.................

डम्वरुप्रसाद पोखरेल

नि.प्रधानाध्यापक